मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ७७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ माघ २१ गते बुधवार (Wednesday, February 3. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

कुरीति छ जतासुकै हिमाल,
पहाड, तराई आजैबाट रोकौं सबै
मिलि बाल विवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# उपेक्षामा सुरुङ्गा बजार

## बन्द निषेधित क्षेत्रभित्रै टहराको भरमा व्यवसाय



**कनकाई, माघ २०।** कनकाई नगरपालिकाभित्र रहेको सुरुङ्गा बजार बन्द निषेधित क्षेत्र हो । बजारलाई बन्द निषेधित क्षेत्र घोषणा गरिएको पनि दशक नाघेको छ ।

उद्योगी व्यवसायी र स्थानीयको सक्रियतामा बन्द निषेधित क्षेत्र घोषणा गरिएपछि यहाँका व्यवसायीले जस्तोसुकै बन्दको समयमा पनि खुलेर व्यापार-व्यवसाय सञ्चालन गर्दै आएका थिए । सुरुङ्गालाई बन्द निषेधित क्षेत्र घोषणा गरिएपछि ठूला व्यवसायीलाई मात्र होइन स-साना व्यवसायीलाई पनि सहज भएको स्थानीयले बताउँदै आएका छन् ।

सुरुङ्गा आफैंमा बन्द निषेधित क्षेत्र, अझ मुलुकमा संघीयता आएपछि बनेको तीन तहको सरकारले सुरुङ्गाको मुहार फेरिने धेरैले अपेक्षा राखेका थिए । संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नै तरिकाले सुरुङ्गाको विकास गर्लान् भन्ने सुरुङ्गावासीले अपेक्षा पनि गरेका थिए ।

सोही अपेक्षा अनुसार संघदेखि स्थानीय तहसम्मका जनप्रतिनिधिलाई छानी छानी मतदान गरेका कनकाईवासी अहिले निराश छन् । आफैंले निर्वाचित गराएका जनप्रतिनिधिले सुरुङ्गाको विकासका लागि केही नगरेको भन्दै उनीहरुले आक्रोश समेत पोख्न शुरु गरेका छन् । संघ र प्रदेशले सुरुङ्गाको विकासका लागि नहेरे पनि आफ्नै नगरपालिकाले आफ्नै ठाउँको विकासमा समेत बिभेद गरेको भन्दै सुरुङ्गा बजारवासीले दुःखेसो गरेका छन् ।

कनकाई नगरपालिकाको सुरुङ्गामा साप्ताहिक रुपमा साताको दुईपटक लाग्दै आएको सुरुङ्गा बजारको विकासका लागि कनकाई नगरपालिकाले चासो नदिएको स्थानीय व्यवसायी तुलसा उप्रेतीले बताइन् । आफूले सुरुङ्गाको नयाँ बजारमा व्यवसाय गर्दै आएको र वर्षादको समयमा यहाँ डुवान हुने गरे तापनि नगरपालिकाले बजारको विकासका लागि केही नगरेको उप्रेतीको भनाइ छ ।

बजारको विकासका लागि आफूहरुले हाट करदेखि वार्षिक करसम्म तिरे पनि आफूले तिरेको करको समेत सदुपयोग नभएको उनको आरोप छ । सुरुङ्गा बजारमा व्यवस्थित टहरा बनाउन र ढलको उचित व्यवस्थापन गर्न माग गरे पनि नगरपालिकाले सुनेको नसुने झैं गर्दै आएको उनले बताइन् ।

सुरुङ्गा बजारलाई व्यवस्थित गर्ने भन्दै वर्षेनि व्यवसायीबाट पैसा उठाए पनि वजारको विकास र टहरा नबन्दा आफूहरुले जोखिम मोलेर व्यवसाय सञ्चालन गर्दै आएको उनको भनाइ छ । बाँसको भाटाले बनाएको टहरामा व्यवसाय गरेको वर्षौं भयो- उप्रेतीले भनिन्- नगरपालिकाले आज गर्ला भोलि गर्ला भन्दाभन्दै अहिलेसम्म पनि बजारको विकासका लागि केही गरेको छैन । नाला भरिएर दुर्गन्धित हुन्छ, बस्न सक्ने अवस्था रहन्न, नालाको निकाश नहुँदा बजारमा ढल पस्छ त्यस्तैमा आफूहरुले व्यवसाय गर्नुपर्ने बाध्यता छ- उनले भनिन्- गाउँमा सिंहदरवार आयो भन्छन्, हाम्रा लागि के को सिंह दरवार आउनु कर तिर्नकै हैरान छ । नगरपालिकाले कर लिएपछि बजार बनाइदिनुपर्छ- उनले भनिन्- अहिले हामीले रोएर व्यवसाय गर्दै आएका छौं, बजार व्यवस्थित नहुँदा कमाएको दुई पैसाले व्यवसाय जोगाउनु कि सरकारलाई कर तिर्नु ? उप्रेतीले प्रश्न गरिन् ।

चार दशकभन्दा बढी समयदेखि सुरुङ्गामा व्यवसाय गर्दै आएका अर्का व्यवसायी धनबहादुर पुरीले यही बजारवासीको मतवाट मेयर बनेकाले अहिले यही बजारको विकासका लागि बजेट नछुट्याएको भन्दै आक्रोश पोखे । उनले भने- मेयरलाई बजारको विकास गर्नुपर्छ, कच्ची टहरा हटाएर पक्की संरचना बनाइनुपर्छ, नालाको उचित प्रवन्ध गरिनु पर्छ भन्दा यो बजारका लागि बजेट नै नछुट्टिएको भन्दै हामीलाई वेवास्ता गर्दै आएका छन् । नयाँ र पुरानो बजारको पूर्वतर्फको नाला नबनाउँदा पानीको निकाश छैन- उनले भने- नालाको फोहोर गनाएर बस्न सक्ने अवस्था छैन । यस्तो हालत देख्दादेख्दै पनि बजारको व्यवस्थापन गर्न नसक्नु र एउटा नाला समेत बनाउन नसक्ने कस्ता मेयर, कस्तो वजार समिति ? उनले प्रतिप्रश्न गरे । नगरप्रमुखले दुर्गापुर बजार मात्रै बनाएको भन्दै सुरुङ्गा बजारलाई उपेक्षा गरेको उनको आरोप छ ।

स्थानीय व्यवसायी केदार भेटुवालले कनकाई नगरपालिकाले मात्रै नभई बजारका अध्यक्ष टीका पोखरेलले पनि बजारको विकासका लागि केही नगरेको आरोप लगाए । ११ वर्षदेखि चित्रा र फुङ्गालको व्यवसाय गर्दै आएका उनले पहिला भन्दा अहिले बजार विकसित भएर जानुपर्नेमा झन्-झन् समस्या थपिँदै गएको बताए । उनले भने- टहरामा बजार छ न परेको पानी त्रिपालले छेक्छ न त नालीको पानी पाखा नै जान्छ, यस्तो हरिबिजोकमा बसेर दुई पैसा कमायो नगरलाई कर तिर्दै ठिक्क हुन्छ ।

पूर्वपश्चिम राजर्माको किनारमा आफूहरुले यसअघि व्यवसाय सञ्चालन गर्दै आएको र २०७० सालतिर

*(बाँकी अन्तिम पृष्ठमा)*

# सीमा नाका नखुल्दा स्थानीय निराश




**पार्थ मण्डल**

**भद्रपुर, माघ २०।** भारतको विहार तथा बंगाल राज्यसँग जोडिएको झापा जिल्लामा दुई वटा मुख्य नाका छन् - काँकरभिट्टा र भद्रपुर । दुवै नाकामा मूल भन्सार रहेका छन् ।

जिल्लाका अन्य नाकाहरूमा छोटी भन्सार कार्यालयहरू छन् । तर, काँकरभिट्टा नाकाबाहेक अन्य नाकाहरू लामो समयदेखि कोरोना भाइरसको महामारीका कारण सरकारले बन्द राखेको छ । चैत ११ गते बन्द गरिएको जिल्लाका अन्य नाकाहरू सरकारले अझै खुलाएको छैन । काँकरभिट्टा नाकाबाट मात्र तोकिएको मापदण्डभित्र रहेर घरायसी सामान खरिद गर्न भारत जान पाउने सरकारले निर्णय गरेको थियो ।

जिल्लाको दुईवटा मुख्य नाकामध्ये काँकरभिट्टा मात्र खुला राख्दा भद्रपुरलगायत दक्षिणी झापावासीले सास्ती झेल्नु परेको छ । भद्रपुर नाका पनि खुलाउनु पर्छ भनी मेची पुलमा यसअघि पटक-पटक स्थानीयले धर्ना दिएका थिए । तर, सरकारले भद्रपुर नाका खुलाउने अहिलेसम्म कुनै निर्णय गरेको छैन । भारतबाट सहज रुपमा भित्र्याउने सरसामानका लागि मात्र नाका खुला गरिएको छ । सरकारले मुख्य नाकालाई प्राथमिकतामा राखेर नाका खुलाउनुपर्नेमा गृह मन्त्रालयले मन्त्रिपरिषद् निर्णयका आधारमा थप १६ वटा नाका खुलाउने भनी माघ ११ गते निर्णय गरेको थियो ।

थप खुलाउने नाकाहरूमा जिल्लाको दोस्रो मुख्य नाका भद्रपुर परेन । त्यसमा झापाको खजुरगाछी नाका राखियो । बिहारको फत्तेपुर नाकासँग जोडिएको गौरीगञ्ज गाउँपालिकाको खजुरगाछीमा मेची भन्सार कार्यालय अन्तरगत आठमौजामा छोटी भन्सार कार्यालय रहेको छ ।

सो नाका आइतबारदेखि सञ्चालनमा आएको झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले बताए । माई पूर्व र माई पश्चिम झापावासीलाई लक्षित सरकारले दुईवटा नाका खुलाएको प्रजिअ तिमिल्सिनाले बताए । ती दुई नाकाबाट घरायसी सामान किनमेल, नातागोता भेटघाट, खेतीपाती गर्न जान पाइन्छ, अरू नाकाबाट जान नपाइने उनले बताए ।

**भद्रपुरवासी निराश**

कोरोना भाइरस संक्रमण फैलिन नदिन बन्द राखिएको भद्रपुर नाका नखुलेपछि भद्रपुर लगायत दक्षिणी झापावासी निराश बनेका छन् । सरकारले काँकरभिट्टापछि खजुरगाछी नाका खुलाउने निर्णय गरेपछि यहाँका बासिन्दा झन् निराश बनेका हुन् । घरायसी सामान तथा औषधि खरिद वा आफन्त भेट्न भारत जानुपरेमा घुमेर काँकरभिट्टा वा लुकेर चोर बाटोबाट भारत जानुपर्ने बाध्यताले थप सास्ती

*(बाँकी अन्तिम पृष्ठमा)*

# दुर्घटना र डुबेर चार जनाको मृत्यु

**झापा, माघ २०।** पूर्व-पश्चिम राजमार्ग अन्तर्गत झापाको बिर्तामोड-१स्थित पश्चिम बस स्टेण्ड छेउमा मंगलबार बसको ठक्करबाट एक व्यक्तिको मृत्यु भएको छ ।

पश्चिम जाँदै गरेको ना६ख १५२० नम्बरको बसले ठक्कर दिँदा बिर्तामोड-६का ३२ वर्षीय सागर मिश्रको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक प्रकाश जवेगूले जानकारी दिए ।

मिश्रलाई बाटो काट्ने क्रममा बसले ठक्कर दिएको थियो । सवारीको ठक्करबाट गम्भीर घाइते भएका मिश्रको बिर्तासिटी हस्पिटलमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

त्यस्तै झापाको गौरादह नगरपालिका-४ मा दुईवटा मोटरसाइकल एकापसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ ।

सोमवार साँझ ६ बजेको समयमा दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको मे१० प ११६७ नम्बरको मोटरसाइकल र बिपरीत दिशाबाट आउँदै गरेको मे४प २२७२ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किँदा घाइते भएका मे१०प ११६७ नम्बरको मोटरसाइकल चालक गौरादह नगरपालिका-५ का ३४ बर्षीय होमप्रसाद उप्रेतीको झापाको वीएण्डसी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

यसैबीच इलाम नगरपालिका-८मा रहेको माईबेनी हाइड्रोपावरको ड्याममा पौडी खेल्ने क्रममा डुबेर दुई जनाको मृत्यु भएको छ ।

उक्त हाइड्रोमा काम गर्ने कामदारहरु माईजोगमाई गाउँपालिका-५ सोयाङका २० बर्षीय शेखर ढकाल र निजकै भाइ १८ बर्षीय प्रवीण ढकालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । घटनास्थलमा जिल्ला प्रहरी कार्यालय इलामबाट गएको प्रहरी टोलीले थप अनुसन्धान गरिरहेको उक्त कार्यालयले जनाएको छ ।

# ससुराले बुहारीलाई जबरजस्ती गरेपछि...

**भद्रपुर, माघ २०।** झापाको भद्रपुरमा ससुराले आफ्नै बुहारीलाई जबरजस्ती करणी (बलात्कार) गरेको घटना बाहिर आएको छ । ससुराले जबरजस्ती करणी गरेको भन्दै पीडित महिलाले प्रहरी

*(बाँकी अन्तिम पृष्ठमा)*

**हार्दिक बधाई**



हाम्रा आदरणीय दाइ, मिलनसार युवा उद्यमी तथा नेपाल चिया उत्पादक संघका केन्द्रीय उपाध्यक्ष, पराजुली टी इस्टेट भद्रपुरका प्रबन्ध निर्देशक, पराजुली ब्रदर्श एन्ड ग्यास इण्डष्ट्रिज (त्रिशक्ति ग्यास) का प्रबन्ध निर्देशक भद्रपुर नगरपालिका-८ निवासी **श्री आदित्य पराजुली** राष्ट्रिय चिया तथा कफी विकास बोर्डको केन्द्रीय सदस्य जस्तो गरिमामय पदमा मनोनित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

बोर्डको विधान अनुसार चिया क्षेत्र (एनटीपीए) बाट एक जना प्रतिनिधिलाई सदस्यमा राख्नुपर्ने र सोही पदमा उहाँलाई इलाममा सोमबार आयोजित एक कार्यक्रमकाबीच मनोनित गरिएको हुँदा उहाँको कार्यकाल सफलताको शुभकामनासहित उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**प्रो. कविन राई/प्रज्ज्वल राई**

**गरुड अटो मोबाइल्स प्रा.(लि.) परिवार**

(बिएमडब्ल्यु र बेनेली मोटरसाइकलको आधिकारिक बिक्रेता)

**बिर्तामोड, झापा**

**फ्ल्याट भाडामा**

बिर्तामोडस्थित अन्धुवा पुल छेउ (दक्षिण), हाइवेमा रहेको घर, पहिलो तला १२०० sqft भएको, बैंक तथा वित्तीय संस्थाको लागि उपयुक्त तथा सोही घरको दोस्रो र तेस्रो तला ६०० sqft भएको अफिस प्रयोजनको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।

**सम्पर्कः ९८२५९४७२७७**

**शिक्षक आवश्यकता (Teacher Required)**

Ashok Primary School Jumla मा निम्न शिक्षकहरु चाहिएकोले इच्छुक व्यक्तिले २०७७ माघ २१ गतेसम्ममा सम्पर्क गर्नुहोला ।

1) B.A. /I.A English- 1 2) B.S.C. / I.S.C Science-1
3) B.A./I.A Sociology-1 (आकर्षक पारिश्रमिकको व्यवस्था छ ।)

सम्पर्कः भेटघाट होटल पश्चिम बस स्टेण्ड वा होटल
Grand Pacific को Oppostie Side
(Ph: 9844474450, 9848391022)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

के तपाईलाई पुरानो पाइल्स र हाडजोर्नी रोगले सताएको छ ? क्षारसूत्रद्वारा पाइल्सको उपचार मिति २०७७ माघ १८ गते आइतबार बिर्ता आयुर्वेदमा
**बिशेष छुटः रगत जाँच, मेडिसिन, क्षारसूत्र, फिजियोथेरापी ।**

स्थानः **अस्टाङ्ग आयुर्वेद फार्मेसी**

फोन नं. ०२३-५९०१६६,९८०६०००३१३

**VACANCY ANNOUNCEMENT**

Mahendra Purifier Pvt. Ltd. is looking for a competent, committed, self motivated and enthusiastic people for following position:

**Relationship Manager:-**
Salary : 21,000+3,000/- (Negotiable)
No. Of Vacancy : 4
Job Description : Sales & Marketing
Qualification : Bachelor Degree
Experience : Minimum 3 Years
Location : Birtamode & Chandragadhi

**Senior Sales Officer:-**
Salary : 18,000+2,000/- (Negotiable)
No. Of Vacancy : 8
Job Description : Sales & Marketing
Qualification : Minimum Bachelor Degree or Equivalent
Experience : Minimum 1 Year
Location : Birtamode & Chandragadhi

**Sales Officer:-**
Salary : 14,600+2,000/- (Negotiable)
No. Of Vacancy : 12
Job Description : Sales & marketing
Qualification : Minimum Intermediate Level or equivalent
Experience : Fresher are Welcome
Location : Birtamode & Chandragadhi

*Interested candidates may apply with recent passport size photograph and CV mentioning the position applied.*
**DEADLINE:** 7th FEBRUARY

**MAHENDRA PURIFIER PVT. LTD.**
Hetauda -5, Bhairab Road - Hetauda Complex
Contact No: 057-525904, 9801558301
Mail id: hr@mahendrapurifier.com
Web: www.mahendrapurifier.com
**Our Branches:-**
Chinari Suppeliers, Birtamode: 9823036007
Jhapali Purifier Kendra, Chandragadhi: 9852676870

## हलुवागढमा ताला तोडिएपछि कांग्रेस र राप्रपाको आपत्ति



अमित खम्बू

**अर्जुनधारा, माघ २०।** झापाको अर्जुनधारा-१स्थित हलुवागढ सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा लगाइएको ताला तोडिएको विषयमा स्थानीय दुई वटा राजनीतिक दलले आपत्ति जनाउँदै घटनाको निन्दा गरेका छन् ।

आन्तरिक लेखा समितिको प्रतिवेदनमा उल्लेखित टिप्पणीहरुको आधारमा असन्तुष्ट उपभोक्ताहरुले गत आइतबार लगाएको ताला सोमबार साँझ तोडिएको अवस्थामा भेटिएपछि नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीले मंगलबार प्रेस विज्ञप्तिमार्फत् उक्त कार्यप्रति आपत्ति जनाउँदै घटनाको निन्दा गरेका हुन् । नेपाली कांग्रेस वडा समितिले जारी गरेको प्रेस विज्ञप्तिमा सभापति नेत्रप्रसाद आचार्य र राष्ट्रिय प्रजातन्त्र पार्टी वडा समितिले जारी गरेको प्रेस विज्ञप्तिमा अध्यक्ष गोविन्द त्रिखत्रीले हस्ताक्षर गरेका छन् ।

विज्ञप्तिमार्फत् उपभोक्ताहरुको तर्फबाट गरिएका मागहरु तत्काल सम्बोधन गर्न जोडदार माग गर्दै नेपाली काँग्रेस वडा समितिले पुनःसमूहको कार्यालय कक्ष र बैठक कक्षमा तालाबन्दी गरेको छ । तालाबन्दी गर्नुअघि नेपाली काँग्रेस वडा समितिले समूहको कार्यालय परिसरमा पत्रकार सम्मेलनको आयोजना गरेको थियो ।

त्यसैगरी आर्थिक अनियमितता भएको तथ्यपरक बुँदाहरु समावेश गरी उपभोक्ताहरुको तर्फबाट लगाइएको ताला तोड्ने कार्यले समूहमा मुठभेड हुने अवस्था आएको राप्रपाद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ । उक्त कार्य निषेधको राजनीति भएकोले सो कार्य अत्यन्त निन्दनीय भएको भन्दै राप्रपा वडा समितिले प्रेस विज्ञप्तिमार्फत घोर भर्त्सना र आपत्ति प्रकट गरेको छ ।

नेपाली कांग्रेसद्वारा जारी गरेको प्रेस विज्ञप्तिमा ताला तोडिएको विषयमा आफूलाई जोडेर आरोप लगाए पनि उक्त आरोपमा सत्यता नभएको समूहका अध्यक्ष चक्र तामाङले प्रष्ट पारेका छन् । उनी भन्छन्- सक्छौ भने ताला तोडेको प्रमाण देखाऊ, होइन भने व्यक्तिगत चरित्र हत्या गर्ने कार्य कसैले पनि नगर्नु ।

# नेकपा विवाद निरूपण गरेर मात्रै निर्वाचन गराउनु ‘उपयुक्त’

**काठमाडौं, माघ २०।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का दुई समूहमध्ये दुवैले आधिकारिकता दाबी गरिरहेका बेला पूर्वप्रमुख निर्वाचन आयुक्तले सत्तारूढ दलभित्रको विवाद हल गरेर मात्र चुनाव गराउन सहज हुने धारणा राखेका छन् ।

पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि नेकपामा विभाजन देखिएको छ । तर, त्यसले औपचारिकता पाइसकेको छैन । विगतमा दुवै पक्षले पार्टीभित्र गरेका जिम्मेवारी हेरफेरसहितको कदमलाई निर्वाचन आयोगले अमान्य घोषणा गरेको थियो ।

नेकपाको प्रचण्ड-माधव नेपाल समूहले निर्वाचन आयोगमा मंगलवार आफ्नो पक्ष आधिकारिक रहेको दाबी पेस गरेको छ । उक्त समूहको केन्द्रीय समितिको सोमवार बसेको चौथो बैठकले प्रधानमन्त्री ओलीलाई पार्टीको साधारण सदस्यबाट निष्काशन गरेको घोषणा गर्दै निर्वाचन आयोगसमक्ष पार्टीको अधिकारिकता दाबी गर्ने निर्णय गरेको थियो ।

**उक्त निर्णयको प्रभाव के हुन्छ ?**

नेकपाको वैधानिकतालाई लिएर देखिएको विवाद कायम रहँदा कतिपयले त्यसले वैशाख १७ र २७ गतेका लागि तय गरिएको चुनावको मितिलाई समेत प्रभावित पार्ने आशङ्का गरिरहेका छन् ।

तर पूर्वप्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादव सत्तारूढ दलभित्रको विवाद समाधान नगरी चुनाव गराउन सहज नहुने ठान्छन् । दलभित्र जुन आपसी संघर्ष र तनाव देखिएको छ त्यसलाई निरूपण गर्नुपर्छ । त्यसपछि निर्वाचनमा जान सहज र सजिलो हुन्छ- उनले भने ।

राजनीतिक दल त्यहाँ कुन रूपमा कुन दफा टेकेर जान्छ त्यो उहाँहरूको कुरा हो । त्यसपछि कानूनी प्रक्रियालाई टेकेर निर्वाचन आयोगले एउटा निर्णय गर्नुपर्छ । अघिल्लो चुनावमा २७५ मध्ये १७४ सीट जितेको राजनीतिक दल जुन सरकारमा पनि छ त्यसको विवाद हल नगरी चुनावमा जान उपयुक्त हुन्छ ?

पूर्वप्रमुख आयुक्त यादवले आफूभित्रको विवाद हल गर्न निर्वाचन आयोगलाई सघाउनु सम्बन्धित दलको पनि दायित्व भएको उल्लेख गरे । उनले थपे- राजनीतिक दल सम्बन्धी ऐनको दफा ४४मा केन्द्रीय समितिको न्यूनतम् ४० प्रतिशत हस्ताक्षरसहित जानुपर्छ भनेको छ। त्यो न्यूनतम शर्त हो । त्यसलाई टेकेर जाँदा विवाद निरूपण गर्न सजिलो र सहज हुन्छ ।

झण्डा, पदाधिकारी, चिन्ह जस्ता विषय सम्बन्धी विवादको निरूपणबारे चर्चा गरेको दफा ४४मा सहमतिमा विवाद निरूपण हुन नसके आयोगले केन्द्रीय समिति वा पदाधिकारीको बहुमत रहेको पक्षलाई मान्यता दिने र अर्को पक्षलाई छुट्टै दलका रूपमा दर्ता गर्न सक्ने व्यवस्था गरेको छ ।

**के भन्छ ओली नेतृत्वको नेकपा ?**

यसअघि गएको शुक्रवार निर्वाचन आयोगले बोलाएको छलफलमा सहभागी भएका सुवास नेम्वाङले नेकपाको आधिकारिकताको विवाद आयोगले टुङ्गो लगाइसकेको भन्दै अब चुनावमा केन्द्रित हुनुपर्ने बताएका थिए ।


उक्त बैठकमा आफ्ना शीर्ष नेताहरू राजधानीबाहिर रहेको भन्दै प्रचण्ड नेपाल पक्ष अनुपस्थित भएको थियो । आधिकारिकता टुङ्गिएको भन्ने आफ्नो भनाइलाई निर्वाचन आयोगले पठाएको पत्रले पनि पुष्टि गरेको ओली पक्षीय नेता सुवास नेम्वाङ बताउँछन् । उनले भने- मैले जे भने त्यो निर्वाचन आयोगले दिएको १७ पृष्ठको निर्णयमा आधारित हो । पदाधिकारीहरू केपी ओलीदेखि प्रचण्डदेखि विष्णु पौडेलसम्म जहाँ छन् त्यो नै आधिकारिक हो ।

त्यसैले कतिपयले निर्वाचन आयोगलाई दुई पार्टीलाई एक बनाउन लाग्यो भनेर आरोप पनि लगाए। हाम्रो समस्या हल भयो कि भएन त्यो आफ्नो ठाउँमा छ । तर, त्यो निर्णयमा आयोगले प्रष्टै लेखेको वीवीसीले उल्लेख गरेको छ ।

# सुकीसहितका नेताहरुलाई रिहा गर्न आग्रह

**याङ्गुन, माघ २०।** म्यान्मारको सत्तारुढ दल नेशनल लिग फर डेमोक्रेसी (एनएलडी) ले सेनाद्वारा नियन्त्रणमा लिइएका आफ्ना नेताहरुलाई तत्काल रिहा गर्न माग गरेको छ ।

एनएलडीले मंगलबार वक्तव्य जारी गर्दै पार्टीकी नेतृ आङ्साङ् सुकीसहितका नेताहरुलाई तत्काल रिहा गर्न आग्रह गरेको हो । स्टेट काउन्सिलर समेत रहेकी सुकी र देशका राष्ट्रपति विन मिन्ट दुबैलाई सोमबार बिहानै नजरबन्दमा राखिएको थियो । एनएलडीका केन्द्रीय कार्यकारी समितिका सदस्यहरु, सांसदहरु र क्षेत्रीय मन्त्रिपरिषद्का सदस्यहरुलाई पनि गिरफ्तार गरिएको छ ।



म्यान्मारको सैनिकले म्यान्मारको सम्पूर्ण सत्ता एक वर्षका लागि आफूहरुले नियन्त्रणमा लिएको घोषणा गर्दै नेताहरुलाई गिरफ्तार गरेको हो ।

सेनाले एक बर्षसम्मका लागि संकटकाल घोषणा गर्दै एक बर्षमा निर्वाचन गराउने दावी पनि गरेको छ । गत नोभेम्बरमा सम्पन्न आम निर्वाचनमा धाँधली भएको भन्ने सेनाको दाबीलाई अस्वीकार गरिएको तथा कोरोनाभाइरसका कारण देशभित्र संकटपूर्ण अवस्था रहेकाले आम निर्वाचन स्थगित गर्न सरकार अक्षम भएपछि सैनिक नियन्त्रण आवश्यक रहेको सेनाको भनाइ छ ।

सेनाको असन्तुष्टिका बीच भएको निर्वाचनबाट गठन भएको नयाँ संसदको बैठक शुरु हुने दिन बिहान सेनाले सत्ता विद्रोह गरेको हो ।

सेनाले राजनीतिक नेताहरुलाई सैनिक नियन्त्रणमा राख्ने र सञ्चार सम्पर्क विच्छेद गराउने गरेकाले सर्वत्र विरोध भएको छ । अमेरिका, अस्ट्रेलिया र अन्य मुलुकले विज्ञप्ति प्रकाशन गरी म्यान्मारको पछिल्लो अवस्थाप्रति चिन्ता प्रकट गर्दै म्यान्मारको सेनालाई कानूनी शासनको सम्मान गर्न आग्रह गरेका छन् ।

हाल म्यान्मारमा सर्वाधिक प्रभावशाली नेताको रुपमा ७५ वर्षीया आङ सान सुकी नै रहेकछिन् ।

## वि.सं. २०७८का लागि १४ पात्रो प्रकाशन स्वीकृति

**झापा, माघ २०।** नेपाल पञ्चाङ्ग निर्णायक समितिले विसं २०७८ का लागि १४ पात्रो (पञ्चाङ्ग) लाई प्रकाशन स्वीकृति दिएको छ ।

आगामी वर्षका लागि तोयनाथ पन्तको पञ्चाङ्ग, बाबुराम पञ्चाङ्ग, नरनाथ पञ्चाङ्ग, हिमाल पञ्चाङ्ग, अठोला पञ्चाङ्ग, तारकेश्वर पञ्चाङ्ग, सूर्य पञ्चाङ्ग, आकाश दर्शन पञ्चाङ्ग, बगलामुखी पञ्चाङ्ग, शुभ पञ्चाङ्ग, बाबा गोरखनाथ पञ्चाङ्ग, कीर्ति पञ्चाङ्ग, सिद्धि पञ्चाङ्ग, खप्तड तारानाथ पञ्चाङ्गलाई स्वीकृति दिइएको समितिका सदस्य सचिव सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए ।

विगत वर्षमा पुस अन्तिम साता नै पात्रो (पञ्चाङ्ग) प्रकाशन भइसक्ने गरेकामा यस वर्ष कोरोना महामारीका कारण पञ्चाङ्गकार जम्मा भएर रुजु गर्न समस्या भएकाले काममा ढिलाइ भएको थियो । ढिलो गरी काम शुरु गरिरहेका बेला मन्त्रिपरिषद्ले समितिको गठन आदेश स्वीकृत गरेपछि काम गर्ने कि नगर्ने अलमल भएकाले पनि अर्को तीन हप्ता ढिला भएको उनले जानकारी दिए ।

पुस २० गते मन्त्रिपरिषद्ले समितिको गठन आदेश स्वीकृत गरेको थियो । वि.सं. २०७० मा वर्तमान समितिलाई गठन आदेश स्वीकृत नभएसम्मका लागि काम गर्नु भनी नियुक्तिपत्र दिइएको अध्यक्ष एवम् धर्मशास्त्रका जानकार प्रा.डा. रामचन्द्र गौतमले बताए ।

यही पत्रका आधारमा पुस २१ पछि समितिको काम ठप्प भएको थियो । माघ पहिलो साता संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भानुभक्त ढकालले मन्त्रिस्तरीय निर्णय गरी अर्को समिति गठन नभएसम्म विसं २०७८ को पात्रो प्रकाशन र नियमित काम वर्तमान समितिबाटै चलाउने निर्णय गर्नुभएको पत्र पुगेपछि फेरि काम शुरु भएको थियो ।

समितिले सकेसम्म श्रीपञ्चमी नसके प्रजातन्त्र दिवसका अवसरमा फागुन ७ गतेसम्म पात्रो प्रकाशन गरिसक्ने जनाएको छ । १४ वटा पात्रोलाई प्रकाशनका लागि सैद्धान्तिक स्वीकृति दिने निर्णय भए पनि पञ्चाङ्गभित्र राखिने सामग्रीका बारेमा अहिले पनि छलफल चलिरहेको छ । पात्रोमा राखिने तिथि, बार, योग, नक्षत्र र करण गरी पाँच समूहलाई पञ्चाङ्ग भनिन्छ ।

पछिल्लो समय सामान्य मानिसले पनि बुझ्न भनी घडीपलालाई बजेमा रुपान्तरण गरेरसमेत पात्रोमा राखिने गरेको छ । पात्रोलाई अझै सुधार गर्नुपर्ने माग पनि उठ्ने गरेको छ । यस वर्ष समितिले पनि आधिकारिक पञ्चाङ्ग निकाल्ने भएको छ । पञ्चाङ्गलाई स्वीकृति दिएपछि समितिको आधिकारिक पञ्चाङ्गका बारेमा मन्त्रालयमा छलफल गरी काम अघि बढाइने जनाइएको छ ।

मन्त्रालयले यस वर्ष समितिको आधिकारिक पञ्चाङ्ग निकाल्न पनि बजेट विनियोजन गरेको छ । आगामी वर्षदेखि समितिले भित्तेपात्रोलाई व्यवस्थित गर्ने भएको छ ।

### उपेक्षामा ...

आफूहरुलाई यस ठाउँमा सारेको उनको भनाइ छ । शुरुमा बजारमा बनाइएका टहरालाई व्यवस्थित गर्ने भन्दै आफूहरुलाई भनिए पनि अहिलेसम्म बजार व्यवस्थित हुन नसकेको उनको भनाइ छ ।

कनकाई नगरपालिकाले बजारको व्यवस्थापनमा कुनै चासो नदेखाएको भन्दै बजार समितिले समेत दुःखेसो पोखेको छ । समितिका सचिव अर्जुनकुमार बिमलीले बजार व्यवस्थापन समितिसँग एक रुपैयाँ पनि बजेट नहुने र वडा कार्यालय र नगरपालिकाले समेत बजेट नछुट्याउँदा बजारको बिकास गर्न नसकिएको बताएका छन् । नाम मात्रैको समिति छ, यहाँ न उसंग पैसा छ न उसले भनेको कसैले सुन्छ सचिव बिमलीले भने - कनकाई नगरपालिकालाई नाला व्यवस्थापनका लागि १४ लाख रुपैयाँको लागत इस्टीमेट तयार गरेर नालाको व्यवस्थापन गर्न अनुरोध गर्‍यौं, बजेट छैन भन्दै तर्कियो ।

कनकाई नगरपालिकाको सुरुङ्गामा २०२८/०३० साल अघिदेखि नै बजार लाग्दै आएको र अहिलेसम्म निरन्तर वजार लागेको भए पनि नगरपालिकाले बजारको व्यवस्थापनका लागि कुनै ठोस योजना बनाएर अघि नबढेको उनको भनाइ छ ।

सुरुङ्गा बजारको बीचमा रहेको पिपलको फेदमा ज्येष्ठ नागरिक चौतारो रहेको र यहाँ हरेक दिन ज्येष्ठ नागरिक भेला हुँदै भजनकीर्तन गर्ने कार्य हुन्छ, तर अहिले छेवैमा रहेको नालाको व्यवस्थापन नहुँदा ढल गनाएर बस्न सक्ने अवस्था छैन- सचिव विमलीले भने- यसलाई व्यवस्थापनका लागि पटक-पटक मेयरलाई भनेका छौं, तर हाम्रो कुरा सुनुवाई हुँदैन ।

वार्षिक ६०/७० लाख रुपैयाँमा ठेक्का लाग्दै आएको वजारको विकासका लागि नगरपालिकाले एक रुपैयाँ पनि व्यवस्थापन नगर्नु आफैमा दुःखद् हो- उनले भने- यहाँका व्यवसायीले कर तिरेपछि कहिलेसम्म दुःख देखाएर व्यवसाय गर्नु ?

सुरुङ्गा बजार व्यवस्थापन समितिका पूर्वअध्यक्ष देवीप्रसाद खरेलले स्थानीय तह नहुँदा नै बरु यस ठाउँको विकास भएको भन्दै अहिले स्थानीय सरकार आएपछि आफूहरुले केही गर्न नसकिएको बताएका छन् । उनले पहिला सडकदेखि वजार व्यवस्थापनसम्मका काम भए पनि अहिले कनकाई नगरपालिकाले सुरुङ्गा बजारलाई उपेक्षा गरेको आरोप लगाए । उनले भने- कनकाई नगरपालिका-३मा पर्ने यो बजार क्षेत्र नगरकै राजधानी भन्दा हुन्छ तर यहाँको हविगत भन्नु पर्दा आफैंलाई लाज लागेर आउँछ ।

कनकाई नगरपालिकाभित्र पर्ने सबै बजार बनिएका छन्, यो बजार किन बनिँदैन भन्दै हामीले पटक-पटक आवाज उठायौं तर, सुनुवाई भएको छैन- पूर्व अध्यक्ष खरेलले भने- यहाँ बजारको विकासमा समेत राजनीति भयो । मेयर एउटा पार्टीको र वडाध्यक्ष अर्कै पार्टीको भएकाले सुरुङ्गा बजारले टहराभन्दा माथि उठ्न नसकेको हो- उनले भने ।

बगरभित्रै विकासमा राजनीति हुँदा यहाँको बजारले स्वरुप परिर्वतन गर्न सकेको छैन- उनले भने - वडालाई बजारको विकास गरौंन भन्दा बडामा बजेट छैन नगरलाई भन्नु भन्ने, नगरलाई भने वजेट छैन भन्दै हरेक वर्ष तर्कनुले पनि यहाँ दलगत लडाइँ छ भन्न सकिन्छ । वडा र नगरको चेपारोमा परेर सुरुङ्गा वजार दिनानुदिन थलिएको छ- उनले भने - वडा कार्यालयले यसअघिको वर्ष एक करोड १७ लाख रुपैयाँ बजेट पाउँदा यो वजारको विकासका लागि केही गर्न सकेको छैन । वडाध्यक्ष र मेयरको प्रतिशोधका कारण सुरुङ्गा बजार नबनेको उनको आरोप छ ।

कनकाई-३मा रहेको सुरुङ्गा बजारमा अहिले झण्डै सात सयभन्दा बढी व्यवसायीले टहराको भरमा व्यवसाय सञ्चालन गर्दै आएका छन् । यो बजारलाई व्यवस्थित गर्न टहरा हटाएर स्थायी संरचना बनाइनुपर्ने, बजारको पूर्वपश्चिम दुर्वतर्फ व्यवस्थित नाला निर्माण गरिनु पर्ने खरेलको भनाइ छ । झण्डै डेढ बिगाह क्षेत्रफलमा फैलिएको यो वजार सातामा सातै दिन लागे पनि शनिवार र बुधवार हाट लाग्ने गरेको छ ।

यता कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेलले बजेट नभएका कारण आफूहरुले चाहेर पनि बजारको उचित विकास गर्न नसकेको बताएका छन् । नाली बनाउन केही लागत इस्टीमेट तयार भएको छ, बजारको विकास भएन भनेर मात्रै हुँदैन क्रमैसंग नगर क्षेत्रका बजार विस्तार हुँदैछन्, सुरुङ्गा पनि बन्छ ।

सुरुङ्गा बजारको विकास नहुनुमा केही सीमित मान्छेले पूर्वाग्रह राखेका कारण पनि हो, यसमा तपाईहरुले पनि खासै चासो नराखेको राम्रो नगरप्रमुख पोखरेलले भने ।

### सीमा ...

झेल्नु परेको स्थानीय बताउँछन् ।

करोडौंको लागतमा निर्माण गरिएको मेची पुललाई उपयोग गर्न नपाउँदा स्थानीयलाई समस्या भइरहेको युवा उद्योगी विनय गोयलले बताए । भारत जानु परेमा यहाँबाट घुमेर काँकरभिट्टा नाका भएर जानु परेको बताउँदै उनले भने- ‘यहाँबाट जानै पाइँदैन भने आँखा अगाडि मेची पुल भएको के काम ? मेची पुलबाट मान्छे हिँड्न पो बन्देज लगाइएको छ, खोलाबाट सहज रुपमा मान्छे ओहोरदोहोर गरी नै रहेका छन् ।’ कोरोना नियन्त्रणको नाममा सरकारले भद्रपुर नाका बन्द गरेर किन जनतालाई थप सास्ती दिइरहेको छ ?- उनले प्रश्न गरे । त्यस्तै नेपाल चिया उत्पादक संघका सल्लाहकार जेपी शर्माले सरकारले भद्रपुरलाई जहिले उपेक्षा गरेको उदाहरण भएको बताए । ‘अहिले जिल्लामा दुई वटा मुख्य नाका छन्, दुवै नाकामा मूल भन्सार छ, एउटा खोल्ने र अर्को बन्द राख्ने सरकारको निर्णय गलत हो’- उनले भने- ‘प्रधानमन्त्री आफैले उद्घाटन गरेको मेची पुल सञ्चालनमा ल्याउन जनस्तरबाटै सरकारलाई दबाब दिनुपर्छ ।’ भद्रपुर नाका खुलाउने विषयमा यहाँका जनप्रतिनिधि र सांसदले किन चासो नदेखाएको आश्चर्य लागेको उनले बताए ।

**भद्रपुरको मेची पुलबाहेक सबै नाका खुला**

कोरोना भाइरस संक्रमण फैलिन नदिन बन्द राखिएको भद्रपुर नाका अझै खुलाउने पहल गरिएको छैन ।

भद्रपुरको मेची पुल बाहेक सबै नाकाहरूबाट सहजै रुपमा दुवै देशका नागरिक आवतजावत गरिरहेका छन् । सरकारले नाका बन्द राख्ने कागजमा निर्णय गरे पनि त्यसको कार्यान्वयन नभएको झापा उद्योग वाणिज्य संघका अध्यक्ष नवराज पनेरुले बताए । अहिले मेची पुलबाहेक सबै नाका र ठाउँहरू खुला छ, दैनिक सयौं मानिस आवतजावत गरिरहेका छन्, तर भद्रपुर नाका बन्द छ, यो कस्तो विडम्बना हो सरकार ?- उनले गुनासो पोखे ।

यो नाकालाई तत्काल खुलाउन पहल गरिदिन उनले झापाका प्रमुख जिल्ला अधिकारी तिमिल्सिनासमक्ष अनुरोध समेत गरेका छन् ।

त्यस्तै नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नम्बर १का अध्यक्ष टीकाराज ढकालले मुख्य भन्सार रहेको भद्रपुर नाकालाई बन्द राख्ने निर्णय सही नभएको बताएका छन् । भन्सारमा सरसामान आउन दिने तर स्थानीयलाई घरायसी सामान खरिद, आफन्त भेटघाट गर्न जान नदिने निर्णय सरकारले तत्काल सच्याउनुपर्ने उनको भनाइ छ । मूल भन्सार भएको नाकालाई मूल नाकाकै रुपमा सरकारले दर्जा दिनुपर्ने उनको धारणा छ ।

### ससुराले ...

कार्यालय झापामा जाहेरी दिएपछि यस्तो घटना बाहिर आएको हो ।

भद्रपुर नगरपालिका-६ निवासी २२ बर्षीया बुहारीलाई ५९ बर्षीय ससुराले जबरजस्ती करणी गरेको भन्ने जाहेरी आएको प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए ।

ससुराले माघ १५ गते घरमा कोही नभएको मौका छोपी उनलाई करणी गरेको भनी पीडित महिलाले प्रहरीमा जाहेरी दिएकी हुन् । वडा प्रहरी कार्यालय भद्रपुरले आरोपीलाई सोमबार बेलुका घरबाटै पक्राउ गरी प्रहरी कार्यालय झापा पठाएको छ । यता जाहेरीको आधारमा प्रहरीले ससुरामाथि जबरजस्ती करणी सम्बन्धी मुद्दा दर्ता गराई झापा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको डीएसपी थापाले बताए ।

**सच्याइएको,**

यस पूर्वाञ्चल दैनिकको २०७७ माघ १३ गते मंगलवारको ३ नं. पृष्ठमा छापिएको श्री मालपोत कार्यालय भद्रपुरबाट जारी गरिएको हकदावी गर्न आउने सम्बन्धी ३५ दिने सूचनामा काकी दरमदा घिमिरेको समेत मृत्यु भएको हुनुपर्नेमा नाम अन्यथा भएकोले सच्याइएको छ । व्यव.


**जग्गा बिक्रीमा**

इलाम जिल्ला कोल्बुङ गा.वि.स. वार्ड नं. २ (ख) कि.नं. ३४६ को क्षेत्रफल ०-८-०-० को पाथीभरा मल्टिपल को-अपरेटिभ लि. को नाममा दर्ता रहेको जग्गा बिक्री गर्नुपर्ने भएको हुँदा खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्कः ९८४२०७८३८४/९८४२६५५५०२

**बिमालेख हरायो**

बिर्तामोडबाट दुर्गापुर जाने क्रममा यही मिति २०७७/१०/०१ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः- निर्मला खत्री
ठेगानाः- दुर्गापुर कनकाई-७, झापा
बीमालेख नं.ः- २०२०४३४४०
कम्पनी नामः नेपाल लाइफ इन्स्योरेन्स क.लि.
सम्पर्कः ९८१५९९६६९१

**साना-मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्था लि.**
मुख्य कार्यालय बिर्तामोड नगरपालिका-१, चारपाने (झापा)

**धितो मूल्यांकनकर्ताहरुलाई सूचीकृत हुन आउने बारेको सूचना**

यस संस्थाको गत मिति २०७७/१०/१४ मा बसेको सञ्चालक समितिको निर्णयानुसार धितो मूल्यांकनकर्ताहरुलाई यो सूचित गरिन्छ कि यस संस्थाको विभिन्न शीर्षकहरुमा ऋण प्रवाह गर्ने क्रममा धितो मूल्यांकन गर्नुपर्ने भएकोले इच्छुक मूल्यांकनकर्ताहरुले यो सूचना प्रकाशित भएको १५ दिनभित्रमा निम्न बमोजिम योग्यता पुगेका व्यक्ति वा फर्मबाट तपशिलमा उल्लेखित प्रमाण तथा कागजातसहित सूचीकृत हुनका लागि दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपशिल
क) आवश्यक कागजातहरु :
१. रीत पुगेको निवेदन- १ थान
२. फर्म रजिष्ट्रेशनको प्रमाणपत्रको प्रतिलिपि- १ थान
३. पान/भ्याट दर्ताको प्रमाण पत्रको प्रतिलिपि - १ थान
४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि - १ थान
५. कम्पनी भएमा लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि- १ थान
६. कम्पनी भएमा सञ्चालक समितिको निर्णयको प्रतिलिपि - १ थान
७. धितो मूल्यांकन गरेको कार्यालयको कार्य सम्बन्धी सिफारिस- (कम्तीमा २ वटा)
८. इञ्जिनियरिङ्ग काउन्सिलको प्रमाणपत्रको प्रतिलिपि - १ थान
९. बी.इ. समितिको प्रमाण पत्र र ट्रान्सक्रिप्टको प्रतिलिपि - १ थान
१०. नेपाल भ्यालुएटर एसोसिएसनको प्रमाणपत्रको प्रतिलिपि - १ थान
११. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि - १ थान
१२. निवेदनमा हस्ताक्षर गर्ने इञ्जिनियरको बायोडाटा - १ प्रति
ख) योग्यता
१. कम्तीमा बी.ई. सिभिल हुनुपर्ने
२. भ्यालुएटर एशोसिएशनको सदस्यता प्राप्त
३. इञ्जिनियरिङ परिषद्मा दर्ता भएको हुनुपर्ने
४. मूल्यांकनकर्ताको रुपमा कम्तीमा ३ बर्षको अनुभव भएको ।
५. निवेदन दस्तुर रु. ५०००।- (फिता नहुने)

**साना मझौला व्य. बचत तथा ऋण सहकारी संस्था लि.**
मुख्य कार्यालय, बिर्तामोड (सम्पर्क नं. ०२३-५९०७९३)

**वितरक चाहियो**

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोडका केही भाग र लक्ष्मीपुरबाट दुर्गापुर-चम्पापुर सिमसारका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
नोटः साइकल भएको २ जना, पाँच/पाँच हजार सेलरी ।
मोटरसाइकल भए १ जना मात्र दश हजार सेलरी ।
सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।
नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ ।
*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।*
सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# अनिश्चितता तर्फको यात्रा

**नेपालमा अहिले सरकार, सडक र सशस्त्र द्वन्द्व तीन तिरै कम्युनिस्ट छन् । लाग्छ नेपाल कम्युनिस्टमय छ र यो देश उनीहरुकै इच्छा, चाहना र सनकका भरमा सञ्चालन भइरहेको छ । गएको निर्वाचनबाट दुईतिहाईको नजिक रहेको कम्युनिस्ट पार्टी इतिहासकै पहिलो ठूलो र बलियो दल थियो । यद्यपि नेकपा एमाले र माओवादी अलग–अलग झन्डाबाट निर्वाचनमा सहभागी थिए । त्यही दुई दलका बीच एकीकरण भई नेपाल कम्युनिस्ट पार्टी नेकपा बनिएपछि कानूनी रुपमै इतिहासकै शक्तिशाली सरकार बनाउने राजनीतिक दल बन्न पुग्यो । पाँच वर्षे अवधिको यस्तो सरकार अल्पायुमै काम चलाउमा परिणत हुँदा देश अनिश्चियको भुँवरीमा फसेको छ । सरकारको नेतृत्व गर्ने प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचन घोषणा गरेपछि एउटै कम्युनिस्ट पार्टी दुई चिरामा बाँडिएको छ भने पुष्पकमल दाहाल नेतृत्वको माओवादीबाट अलग भएको नेत्रविक्रम चन्द्र नेतृत्वको अर्को समूह भूमिगत भई सशस्त्र द्वन्द्वमा रहेको छ । यसरी नेपालका विभिन्न समूहका कम्युनिस्टहरु सरकार, सडक र सशस्त्र द्वन्द्वमा पुगेका हुन् ।**

**देशको पहिलो आमनिर्वाचन, जनआन्दोलन– ०४६ पछि गठन भएको बहुमतको सरकार पनि पूर्णकाल टिक्न सकेनन् । त्यस्तै वि.सं. २०५६ मा पनि बहुमतको सरकार बन्यो, तर आन्तरिक कलहका कारण काग्रेस नेतृत्वकै सरकार विघटन हुन पुगेको थियो । विगतका अनुभव र परिणामलाई अनुभूत गरेर शायद नेपाली मतदाताले २०७४ मा सम्पन्न निर्वाचनमा नेकपालाई दुईतिहाईको शक्तिशाली सरकार बनाउने अवसर प्रदान गरे । तर, दुई वर्षअघि नै प्रधानमन्त्रीले आन्तरिक कलह व्यवस्थापन गर्नुको साटो संसद नै विघटन गरेर स्थिर सरकार सञ्चालन गर्न नेकपा पनि असफल हुन पुग्यो । आज हाम्रा सडकहरु प्रधानमन्त्रीको विरुद्ध मुर्दावाद र समर्थनमा जिन्दावादको नारा लगाउने थलो भएको छ । नेकपा दुईवटा समूहमा विभाजित भई दिनहुँजसो सडक प्रदर्शनमा प्रतिस्पर्धा गरिरहेका छन् ।**

**एकातिर सरकारको कामलाई वैधानिक बनाउने दुष्प्रयास गरिँदैछ भने अर्कातिर त्यही दलको ब्यानरमा अर्को समूह असवैधानिक प्रमाणित गर्न कस्सिएको छ । आन्तरिक विवादको परिणामले उत्पन्न अस्थिर र अन्यौल परिवेशमा प्रमुख प्रतिपक्षी लगायतका दलहरु संसद पुनर्स्थापनाको मागसहित सडकमा छन् । स्वास्थ्यको कारण देखाइ वर्ष दिनदेखि कार्यालय नगएका प्रधानमन्त्री यतिबेला आफ्नो निर्णयलाई अनिवार्य आवश्यकता भएको प्रमाणित गर्न सभाहरुमा व्यस्त छन् । नेकपाकै दाहाल–नेपाल समूहले प्रधानमन्त्रीलाई पार्टीबाटै निष्काशन गरेको जनाएको छ भने दुबै समूहका शीर्ष नेताहरु एकअर्कालाई अमर्यादित र तल्लो स्तरको गाली गरेर दन्त बजानको प्रतिष्पर्धामा उत्रिएका छन् । संसद विघटनको विषय सर्वोच्च अदालतमा बहसको क्रममा छ, सरकारले मध्यावधि निर्वाचनको मिति सार्वजनिक गरिसकेको छ, तर त्यसको प्रत्याभूतिको वातावरण नै बनाएको छैन । यस्तो अस्वस्थ प्रतिष्पर्धा, अहम् र दम्भले समस्याको निदान कसरी गर्छ हेर्नैपर्छ । तर, यस्तो व्यवहार देश र जनताको पक्षमा हुन सक्दैन । यदि देशलाई अस्थिरतातर्फको यात्राबाट रोक्ने हो भने सहमति खोज्न ढिलाइ गर्नुहुँदैन । अन्यथा यो यात्राले गन्तव्य होइन द्वन्द्वको अँध्यारोतर्फ लाने जोखिम रहन्छ । यसतर्फ जनता, देश र सरकारको नेतृत्व गर्नेले शान्त मनले गम्भीर भएर सोच्नै पर्छ ।**

# आखिर कुटाइ खाने भैरे



चिन्तामणि दाहाल

आखिर कुटाई खाने भैरे भन्ने चर्चित नेपाली उखान अहिले सान्दर्भिक भएको छ। यो उखान नेपाली समाजमा भएका घटना दुर्घटनाबाट लोकोक्तिमा चल्दै आएको हो। ठ्याक्कै यही तिथि-मितिमा यो उखान बन्यो भन्ने यकिन गर्न सकिन्न। तर, समाज विकासको क्रममा सज्जन र दुर्जन, धुर्त र सोझो, चलाख र सिधा, मुर्ख र विद्वान, ज्ञानी र अज्ञानी, सरल र जटिल आदि अवस्थाका कारण यो उखान बन्यो होला भन्ने पंक्तिकारको अनुमान हो।

यस उखानसँग एउटा किंबदन्ती हालै एक खेलाडी मित्रसँगको कुराकानीमा पंक्तिकारले थाहा पायो। कुरै कुरामा उनले भने जसले जे बदमासी गरे पनि आखिर कुटाई खाने त भैरे नै हो। मैले जिज्ञासा राखेपछि उनले एउटा किंबदन्तीको चर्चा गरे। उनले भने एक समयको कुरा हो। काठमाडौंको एउटा गाउँमा भैरव नाम गरेको सोझो केटो थियो। उसले छक्का पञ्जा जानेको थिएन। न त उसले फट्याईं गर्नुपर्छ भन्ने नै जानेको थियो। सोझो भएकोले उसको स्वभाव अलि फरक थियो। कसै-कसैले उसलाई अडबेस्रो पनि भन्थे। तर, उसलाई आफू अडबेस्रो छु भन्ने कुरा न थाहा थियो न उसलाई आफू सोझो छु भन्ने ज्ञान थियो। उसलाई सबैले हेपेर भैरे भनेर बोलाउँथे। अरुले उसलाई हेपेर भैरे भनेको भन्ने ज्ञान पनि थिएन। उसले ठान्थ्यो आफ्नो नाम नै भैरे हो। कसैले सोधे भने उसले आफूलाई भैरे नै भनेर चिनाउँथ्यो।

एकदिनको कुरा हो। एक हुल हुल्याहा केटाहरुले गाउँकै एक किसानको उखुबारीमा पसेर जथाभावी उखुका लाँक्रा भाँच्दै आधा खाँदै फाल्दै गरेर थुप्रै लाँक्रा बिगारेछन्। जब उनीहरुले भैरेलाई आउँदै गरेको देखे अनि लाँक्रा भाँचेर विगारेको दोष भैरेलाई लगाउने सल्लाह गरेर घर-घर गएछन्। भोलिपल्ट किसानले उखुबारी फाँडेको देखेर गाउँभरि हल्ला गर्दै हिँडेछन्। तब ती हुल्याहा केटाहरुले सल्लाह गरे झैं लाँक्रा फाँडेर खाने त भैरे हो भनेर हल्ला गरिदिएछन्।

एक कान दुइ कान त्यो हल्ला गाउँभरि फैलिएपछि किसानले पनि सुनेछ। अनि भैरेको घरमै गएर उसले भैरेलाई गाली गर्न थालेछ। भैरेले आफूले त्यो काम गर्दै नगरेको पटक-पटक भनेछ। तर, अरुले त पत्याएनन्। आफ्नै घरकाले पनि बा भैरेले नै पो गऱ्यो कि भन्ने शंका गरेछन्। तब भैरेलाई दोषी ठहर गर्दै किसानले एक-दुई झापड नै हाने छ। उसलाई समाजमा उभ्याएर माफी माग्न लाएछन्। तर, उसले ज्यान जाला माफी मागेनछ। तर, उसको कुरा कसैले पत्याएन। उसैलाई दोषी ठानियो।

अनि गाउँमा हुल्याहा केटा त अरु पनि थिए। अरुले पनि बेला-बेला के-के बदमासी गर्थे। त्यसको दोष त्यही भैरेलाई लाग्थ्यो। अनि उसले पटक-पटक कुटाई खाइरहन्थ्यो। यो क्रम चलिरह्यो। केहीले सोचे सबै फट्याईं भैरेले मात्रै गरेको होइन। तब, कालान्तरमा यो उखान नै बन्यो। जसले जे गल्ती गरे पनि आखिर कुटाई त भैरेले नै खाने हो। ठ्याक्कै अहिले नेपाली राजनीतिमा भैरे भएको छ प्रतिनिधि सभा। जसले जे षडयन्त्र गर्छ, गल्ती गर्छ वा बदमासी गर्छ, त्यसको दोष प्रतिनिधि सभालाई लाग्छ अनि विघटन गरिन्छ। अर्थात् प्रतिनिधि सभाले कुटाई खान्छ।

प्रतिनिधिसभा विघटन २०४८ सालयता पटक-पटक भएको छ। तर, हरेक पटक प्रतिनिधिसभा दोषी छैन। तर, कुटाई त उसैले खाएको छ। २०५१ सालमा गिरिजाप्रसाद कोइरालाले, २०५२ सालमा मनमोहन अधिकारीले, २०५९ सालमा शेरबहादुर देउवाले र अहिले अर्थात् २०७७ सालमा केपी शर्मा ओलीले प्रतिनिधिसभालाई कुट्ने काम गरेका छन्। गल्ती, बदमासी वा षडयन्त्र अरुले गर्छन्। दोष प्रतिनिधि सभालाई लाग्छ। किनकि ऊ सोझो छ। सरल छ। सिधा छ। छक्का पञ्जा जान्दैन।



पाठकहरुलाई पक्कै स्मरण हुनुपर्छ, मनमोहनले गरेको विघटन सर्वोच्च अदालतले उल्टायो। शेरबहादुर देउवाले गरेको विघटन राजा ज्ञानेन्द्र, उल्टाउन बाध्य भए। मनमोहनले गरेको विघटनलाई सर्वोच्चमाथि तत्कालीन जनमतले दबाब दिएकाले उल्टिएको होइन। तर, शेरबहादुरले गरेको विघटन उल्टाउन तत्कालीन राजा ज्ञानेन्द्रलाई जनमतको दबाब परेको हो।

अहिले एउटा जनमत विघटन उल्टाउनुपर्छ भन्ने पक्षमा छ भने अर्को जनमत विघटन सदर गर्नुपर्छ भन्ने पक्षमा छ। दुबै जनमतको आ-आफ्नो दलीय स्वार्थ र बदला लिने भावना पनि होला। विघटनविरुद्ध सर्वोच्च अदालतमा १३ वटा रिट परेका छन्। त्यसमा बहस जारी छ। बहस अझै केही दिन लम्बिने देखिएको छ। वादी पक्ष अर्थात् रिट हाल्ने पक्षको बहस सकिएको छ भने प्रतिवादी अर्थात् सरकार पक्षको बहस शुरु भएको छ।

विघटन संवैधानिक हो वा असंवैधानिक भन्ने निर्क्यौल गर्ने अधिकार सर्वोच्च अदालतमा छ। संविधानले त्यसको अधिकार सर्बोच्चलाई दिएको हुनाले अहिले आमजनता सर्बोच्चको निर्णयको पर्खाइमा छन्। विघटन असंवैधानिक भन्ने वादी पक्ष भएकोले वादीले आफ्नो पक्षमा सर्वोच्चले निर्णय देओस् भनेर माग्न पाउँछ। वादी राजनीतिक दलहरु वा राजनीतिक कुरा भएकोले उनीहरुले माग्ने शैली भनेको शान्तिपूर्ण आन्दोलन हो। मान्छे भेला पारेर भाषण गर्नु हो। नारा, जुलुस गर्नु हो। यसलाई अदालतको अवहेलना मानिँदैन। कसैले वादी भएर प्रतिनिधि सभा पुनर्स्थापना हुनुपर्छ भनेर शान्तिपूर्ण र शालिन भाषामा तर्क अघि सार्छ भने त्यसबाट अदालतको अवहेलना हुँदैन। यही अवस्था प्रतिवादीको पनि हो र प्रतिवादीका समर्थकको पनि हो।

अब संविधानको वास्तविक ब्याख्या के हो भनेर सर्वोच्चले भन्ने अर्थात् ब्याख्या गर्ने कुरा हो। उसले दिन्छ नै। त्यसैले मुद्दाको छिनोफानो नहुञ्जेल वादी र प्रतिवादीले सडकमा, पत्रपत्रिकामा, समाजिक सञ्जालमा, छलफलमा, वादविवादमा, भाषणमा वा वकिल मार्फत वा आफैं उपस्थित भएर आफ्नो पक्षमा तर्क राख्न पाउँछन्। लोकतन्त्रको यस सुन्दर पक्षलाई गलत ढंगले लिनु हुँदैन। आखिर कुटाई खाने त भैरे नै हो भनेर प्रतिनिधिसभालाई कुट्ने अवस्था आउन दिनु हुँदैन। निर्दोषलाई दोषी बनाउनु हुँदैन। त्यसले सबैलाई घात गर्छ।

# भूमि समस्या समाधान आयोग झापामा गिरी



अध्यक्ष : प्रेम गिरी

**बिर्तामोड, माघ २०।** सरकारले भूमि समस्या समाधान आयोग झापाको अध्यक्षमा प्रेम गिरीलाई नियुक्ति गरेको छ।

भूमि व्यवस्था मन्त्रालयको सिफारिसमा गत माघ १५ गतेको मन्त्रिपरिषद् बैठकले ७७ जिल्लामा भूमि समस्या समाधान आयोगको अध्यक्ष र सदस्य नियुक्त गरे अनुसार भूमि समस्या समाधान आयोग झापाको अध्यक्षमा प्रेम गिरीलाई नियुक्ति गरेको हो।

त्यस्तै सरकारले भूमि समस्या समाधान आयोगको सदस्यमा राधा कृष्ण खनाल र मदन अधिकारीलाई नियुक्ति गरेको छ। सरकारले ७७ वटै जिल्लामा भूमि सम्बन्धी समस्या समाधान गरी भूमिहीन दलित र सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन जिल्ला समिति गठन गरेको भूमि सम्बन्धी समस्या समाधान आयोगका अध्यक्ष देवी ज्ञवालीले बताए।

७७ जिल्ला अध्यक्ष र दुई जना सदस्य गरी ७७ जिल्लामा नियुक्ति भएका आयोगका दुई सय ३१ जना जिल्ला समितिका पदाधिकारीहरुको सपथ ग्रहण आगामी माघ २४ गते आयोगका अध्यक्ष देवी ज्ञवालीले प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा गराउने मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेले बताइन्।

आयोगका अध्यक्षले नेपाल सरकारको प्रथम श्रेणी सहसचिव सरहको र सदस्यले द्वितीय श्रेणी उपसचिव सरहको सेवासुविधा पाउने आयोगका विज्ञ सदस्य जगत देउजाले जानकारी दिए।

भूमि समस्या समाधान आयोग झापाको अध्यक्षमा नियुक्त भएका प्रेम गिरीले विगतका आयोगले गरेका कार्यहरुको अपनत्व ग्रहण गरी तीन वटै सरकारको समन्वयमा भूमि समस्या समाधानको पहल गर्ने वताए।

# पाँचथरमा पत्रकार आपत्कालीन राहतकोष

☐ युद्धबहादुर बोहोरा

**पाँचथर, माघ २०।** नेपाल पत्रकार महासंघ पाँचथर शाखाले 'पत्रकार आपत्कालीन राहतकोष' स्थापना गरेको छ।

सञ्चार क्षेत्रका कार्यरत् सञ्चारकर्मीहरुलाई रिपोर्टिङको शिलशिलामा पर्न सक्ने जोखिम, प्राकृतिक विपद लगायतलाई मध्यनजर गर्दै आपत्कालीन राहत कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

प्रारम्भिक चरणमा १० लाख बराबरको कोष निर्माणका लागि शाखाका अध्यक्ष लवदेव ढुंगानाले व्यक्तिगत १० हजार रुपैयाँ, पाँचथर उद्योग वाणिज्य संघका महासचिव नवराज घिमिरेबाट पाँच हजार पाँच सय पाँच र शाखाद्वारा ५० हजार रुपैयाँ गरी जम्मा ६५ हजार पाँच सय पाँच रुपैयाँ प्रभु बैंक फिदिम शाखामा 'नेपाल पत्रकार महासंघ आपत्कालीन राहतकोष'को नाममा जम्मा गरिएको अध्यक्ष ढुंगानाले बताए।

उक्त कोषमा सहयोग गर्न चाहनेले प्रभु बैंकको खाता नम्बर १२५०१५०७५९५०००४२ अन्तर्गत 'नेपाल पत्रकार महासंघ आपत्कालीन राहतकोष'को नाम जम्मा हुने गरी सहयोग गरिदिन पनि अपिल गरेको उनले बताए।

# सिटौलालाई मातृशोक



**अर्जुनधारा, माघ २०।** नेपाली कांग्रेस झापाका सल्लाहकार एवम् तत्कालीन सुकुम्बासी समस्या समाधान आयोग झापाका अध्यक्ष लीलकप्रसाद सिटौलालाई मातृशोक परेको छ।

उनको आमा वेदमाया सिटौलोको गत माघ १७ गते शनिबार अर्जुनधारा-८ स्थित निजी निवासस्थानमा हृदयघातको कारण निधन भएको थियो।

वि.सं.१९८० साल साउन १६ गते भारतको सिक्किममा आमा लक्षिमा र बुबा रामलाल सापकोटाकी माइली सुपुत्रीकोरुपमा जन्मिएकी उनका छोराबुहारीहरु स्व.पूर्णप्रसाद+स्व.झुमा, स्व.नन्दप्रसाद, एमनाथ+हीरा र लीलकप्रसाद+अनिता तथा छोरी-ज्वाइँहरु मीना+स्व.देवीचरण शिवाकोटी र माया+विनोद खरेल रहेका छन्।

वि.सं. १९९३ सालमा धर्मानन्द सिटौलासँग वैवाहिक बन्धनमा बाँधिएका उनको परिवार २००८ सालदेखि भारतको आसामबाट साविक शनिश्चरे गाविस हाल अर्जुनधारामा बसाईं सरी आएका हुन्।

# राष्ट्रिय चिया तथा कफी विकास बोर्डको केन्द्रीय सदस्यमा पराजुली



केन्द्रीय सदस्य : आदित्य पराजुली

**भद्रपुर, माघ २०।** भद्रपुरका युवा उद्योगी आदित्य पराजुली राष्ट्रिय चिया तथा कफी विकास बोर्डको केन्द्रीय सदस्य पदमा मनोनित भएका छन्।

बोर्डको विधान अनुसार चिया क्षेत्र (एनटिपिए)बाट एकजना बोर्ड सदस्य चयन गर्नुपर्ने र सोही बमोजिम नेपाल चिया उत्पादक संघका केन्द्रीय उपाध्यक्ष समेत रहेका पराजुलीलाई सदस्यमा मनोनित गरिएको जनाइएको छ। उनी पराजुली टि-स्टेट भद्रपुरका प्रबन्ध निर्देशक, पराजुली ब्रदर्श एण्ड ग्यास इण्डष्ट्रिज (त्रिशक्ति ग्यास)का प्रबन्ध निर्देशक समेत रहेका छन्।

# कैदीबन्दीका छोराछोरीलाई खाद्यान्न र न्यानो टोपी



**बिर्तामोड, माघ २०।** अर्जुनधारा-११ देउनियावस्तीस्थित जुनकिरी सार्वजनिक प्राथमिक बिद्यालयमा अध्ययनरत् कारागारमा रहेका कैदीबन्दीका छोराछोरी, असहाय र विपन्न विद्यार्थीलाई वीरता जेसीजले खाद्यान्न र न्यानो टोपी प्रदान गरेको छ।

बन्दी सहायता नेपालद्वारा सञ्चालित मनमाया आमा बालगृहमा आवासीय रुपमा रहेर जुनकिरी सार्वजनिक प्राथमिक बिद्यालयमा अध्ययनरत् उनीहरुलाई वीरता जेसीजका अन्तर शाखा समन्वय संयोजक जीवन खड्काका छोरा जीसल खड्काको जन्मदिनको अवसर पारेर वीरता जेसीजले खाद्यान्न र न्यानो टोपी प्रदान गरेको हो। वीरता जेसीजका अध्यक्ष राजीव धिमालको अध्यक्षता तथा जुनकिरी सार्वजनिक प्राथमिक बिद्यालयका प्रधानाध्यापक रञ्जित परियारको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक तथा वीरता जेसीजका अन्तर शाखा समन्वय संयोजक जीवन खड्काले स्वागत गरेका थिए।

वीरता जेसीजका संयुक्त सचिव टीकाराम खतिवडाले आस्था वाचन गरेको कार्यक्रममा प्रकरण निर्देशक कमल श्रेष्ठले जेसीआई मिसन भिजन वाचन गरेका थिए। कार्यक्रममा नेपाल जेसीजका पूर्व राष्ट्रिय उपाध्यक्ष तथा वीरता जेसीजका पूर्व अध्यक्ष विशाल थापा, अध्यक्ष धिमाल, कार्यक्रम संयोजक खड्का लगायतले उक्त सामग्री बन्दी सहायता नेपालका पूर्वाञ्चल अध्यक्ष जगतबहादुर राना मगर, जुनकिरी सार्वजनिक प्राथमिक बिद्यालयका प्रधानाध्यापक परियारलाई हस्तान्तरण गरेका थिए।

उक्त बिद्यालयमा विभिन्न कारागारमा कैदीजीवन बिताइरहेका कैदीबन्दीका छोराछोरी, असहाय बालबालिका, दैनिक ज्यालादारी गर्ने कृषि मजदुर, रिक्सा चालक तथा भ्यान चलाउने यातायात मजदुर र सुकुम्बासी परिवारका छोराछोरीहरु अध्ययन गर्ने र उनीहरुलाई खाद्यान्न र न्यानो कपडाको अभाव भएकाले बिद्यालयको अनुरोधमा वीरता जेसीजले उक्त सामग्री प्रदान गरेको अध्यक्ष राजीव धिमालले बताए।

कार्यक्रममा सहभागी शिक्षासेवी तथा साहित्य चौतारी झापाका अध्यक्ष हस्त बहादुर परियार, गायक तथा सामाजिक अभियन्ता गणेश ढुंगाना लगायतले वीरता जेसीजले गरेको कार्यको प्रशंसा गरेका थिए। वीरता जेसीजका कोषाध्यक्ष दिवाकर प्रसाईंले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन महासचिव लोकचन्द्र श्रेष्ठ (एलसी)ले गरेको अवार्ड संयोजक सञ्जय राजवंशीले जानकारी दिए।

